बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
२०७३


प.सं. ०७६/७७
च.नं.

गण्डकी प्रदेश, नेपाल
मितिः २०७६/०५/०१

# प्रेस विज्ञप्ती

बेनी नगरपालिका वडा नं. २ का अध्यक्ष हिरा बहादुर थापा माथी गत २०७६ श्रावण ३० गतेको दिन आफ्नै कार्यकक्ष भकुन्डेमा सेवाग्राहीको सेवामा व्यस्त रहेको बेला ने.क.पा विप्लव समुहको नाममा गरिएको दुर्व्यवहार प्रती बेनी नगर कार्यपालिकाको गम्भीर ध्यानकर्षण भएको छ ।

करीव ७ दशक लामो संघर्षबाट प्राप्त संघिय गणतन्त्रात्मक नेपालको अभिन्न अंगको रुपमा रहेको स्थानीय तहलाई मजबुत बनाउने संघीयताको मर्म अनुरुप जनताको व्यापक सहभागिता आफ्नो प्रतिनिधि छनौट गरेको पृष्ठभूमिमा तिन तहका सरकार आ-आफ्नै अधिकार र कर्तब्य बोधका साथ क्रियाशिल छन ।

जनमत प्राप्त गरी सबैको निम्ती सबैखाले अवसर खुला भएको संबिधानतः ग्यारेन्टी भैसक्दा पनि फेरी विभिन्न नाम र बहानामा जनप्रतिनिधिहरुलाई चन्दा माग्ने धम्क्यउने किसिमका गतिविधिहरुको सारथी वन्न नसकिने प्रतिकृया र जवाफ पछी नैतिकता र आर्थिक अपारदर्शिताको सतही लाल्छना लगाई आफ्नै कार्यकक्षमा जनताको सेवामा जुटिरहँदा ४ जनाको समुहमा आएको नकावधारीहरुबाट आधुनिक हतियार देखाई कालोमोसो दल्ने र चप्पलको माला लगाई ८ बुँदे धम्की पत्र छोडेर नसुध्रिएमा ज्यानै लिने सम्मको चेतावनी सहित बाहिरिएको घटना अत्यन्तै दुखद र निन्दनिय छ । जनताबाट निर्वाचित जनप्रतिनिधीलाई कानुन हातमा लिई यस्तो किसिमको अमानवीय दुर्व्यवहारले जनताको मतको गम्भीर उपेक्षा भएको छ । तसर्थ उक्त घटनामा संग्लग्न दोषी उपर कडा भन्दा कडा कारबाहीको लागि नेपाल सरकार तथा स्थानिय प्रशासन समक्ष जोडदार माग गर्दछौं ।

अन्तमा यदि दोषी ठहरिएमा कानुन बमोजिम सजाय दिने निकायहरुले सजाय दिनेनै छन् भने हामी पनि सम्बन्धित निकायलाई पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै कपोलकल्पित आरोप र चन्दा आतंक मच्चाउदै अशान्ती र अस्थिरता सृजना गर्न खोज्ने सबैखाले अतिवादको प्रतिवाद गर्ने उद्घोष सहित आगामी दिनमा सच्चिनको लागि आब्हान गर्दछौं ।

.............................
रामकृष्ण बराइली
प्रवक्ता


फोन नं-०६९-५२१०९५/५२०१२० फ्याक्स नं. ०६९-५२१०९५ वेबसाइटः www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकः www.facebook.com/beninagarpalika